**मिति २०७७ फागुन ५ गते (वि.सं. २०७७।११।५) बुधबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९८ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाका कार्यपालिका सदस्य श्री देवराज बिश्वकर्मा दलित आयोगको राष्ट्रिय अध्यक्षमा मनोनयन हुनुभएकोले उहाको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाको आठौं(८) नगरसभा मिति २०७७ फागुन २८ गते शुक्रबार दिनको ११ बजे तुलसीपुर उद्योग बाणिज्य संघको वडा नं. ८ स्थित दोघरेको हलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं ३**

दाङ्ग जिल्ला बबई गाउपालिका वडा नं. ५ चरकमटिया बस्ने प्रकाश हमाल समेत बिरुद्ध तुलसीपुर उपमहानगरपालिका ,तुलसीपुर दाङ्ग भएको श्री उच्च अदालत तुलसीपुर दाङ्गबाट मिति २०७७।१०।२९ गते म्याद तामेल भएको मुद्धा नं. ०७७-Wo-००३२ मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयमा कानुनी मामिला शाखामा कार्यरत सहायक स्तर पांचौ तह श्री हुम बहादुर बिकलाई प्रतिनिधि तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं ४**

मिति २०७७ साल फागुन ७ गतेको ७१ औ राष्टिय प्रजातन्त्र दिवश सामाजिक बिकास समितिका संयोजक श्री कुमार लामीछाने ज्यूको संयोजकत्वमा पालिकाको केन्द्र कार्यालय र सबै १९ वटा वडा कार्यालयहरुमा दिपप्रज्वलन गरी भव्यरुपमा मनाउने निर्णय गरियो ।

**निर्णय नं ५**

स्थानीय सरकारको रुपमा रहेको तुलसीपुर उपमहानगरपालिकाको आफ्नै पहिचान झल्कने,स्थानीय बिषयबस्तुलाई समेटी तयार पारिएको लोगो छनौट समितिमाबाट सिफारिस भई कार्यपालिका बैठकमा पेश हुन आएको तुलसीपुर १५ बस्ने श्री प्रेमराज चौधरी ज्यूको निर्माण गर्नुभएको लोगो स्वीकृत गरी प्रयोगमा ल्याउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख